# मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सं : २०७५/०७६ (शिक्षा)

च.नं : 896

मितिः २०७५/०९/०८

---

विषय :- सामुदायिक विद्यालयहरुले प्रस्तावना पेश गर्ने बारे ।

श्री मंगला गाउँपालिका अन्तर्गतका

माध्यमिक विद्यालयहरु (सबै)

बाबियाचौर, म्याग्दी ।

प्रस्तुत विषयमा यस गाउँपालिकामा प्राप्त आ.व. २०७५/०७६ को सशर्त अनुदान तर्फ विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा प्रस्तावना पत्र पेश गर्नका लागि सूचित गरिन्छ । म्याद नाघी प्राप्त भएका प्रस्तावना उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराईन्छ ।

कृष्ण प्रसाद गौतम

प्रमुख प्रशासकीय अधिकृत

<u>तपसिल :</u>

१) माध्यमिक विद्यालय पुस्तकालय स्थापना तथा व्यवस्थापन -१

२) शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग अनुदान -१

३) माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान-१

४) पानी तथा सरसफाई सुविधा सहितको शौचालय निर्माण -२

<u>प्रस्तावना पत्रको साथ पेश गर्नु पर्ने आवश्यक कागजात तथा शर्तहरु :</u>

१) विद्यालयले प्राप्त गर्न चाहेको कार्यक्रमको अलग अलग प्रस्तावना पत्र पेश गर्नुपर्ने ।

२) गत विगत वर्षहरुमा सोही शिर्षकमा कार्यक्रम प्राप्त नभएको हुनुपर्ने ।

३) पुस्तकालय विज्ञान प्रयोगशाला र सूचना प्रविधिको लागि अलग्गै कक्षा कोठा तथा शौचालयको लागि तोकिए बमोजिमको जग्गाको व्यवस्था हुनुपर्ने ।

४) कार्यक्रम प्राप्त गर्न वि.व्य.को निर्णय अनिवार्य संलग्न गर्नुपर्ने ।

५) यस प्रयोजनको कार्यक्रम विगत वर्षहरुमा सबै माध्यमिक विद्यालयहरुले प्राप्त गरीसकेको भएमा कक्षा ६- ८ सञ्चालन भएको विद्यालयलाई प्रदान गरिने छ ।

<u>बोधार्थ :-</u>

श्री सूचना प्रविधि अधिकृत

मंगला गाउँपालिका :- गाउँपालिकाको वेबसाइटमा